# श्री बाघभैरव सामुदायिक वन उपभोक्ता समूह
## मनहरी ६, मकवानपुर
### बोलपत्रद्वारा वन पैदावार लिलाम बिक्रि सम्बन्धि सूचना
प्रथम पटक सूचना प्रकाशन मिति २०८१/११/२४

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार संकलन भएको काठ मध्ये उपभोक्तालाई बिक्री गरी यस समूहको घाटगद्दीमा बाँकी रहेको तपसिल अनुसारको काठ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काष्ठ व्यवसायी,संघ संस्था,फर्म वा कम्पनी (म्याटमा दर्ता रहेको) ले यो सूचना श्री प्रभाव दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| सि.नं | लट नं. | जात | ग्रेड | थान | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | ए | २१ | ३१०.७१ | १२५० | ३८८३८७.५० | |
| २ | | साल | बी | २९ | २९२.१८ | ९०० | २६२९६२.०० | |
| ३ | | साल | सी | ४९ | २७५.६८ | ६०० | १६५४०८.०० | |
| ४ | | साल | डी | २ | ५.०२ | ३०० | १५०६.०० | |
| ५ | | असना | सी | ५ | २१.२२ | १०० | २१२२.०० | |
| ६ | | साल्दन | | ३ | १७.४१ | ३०० | ५२२३.०० | |
| जम्मा | | | | १०९ | ९२२.२२ | | ८२५६०८.५ | |

१. लिलाम बिक्रि हुने वनपैदावारको विवरण-

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
   - क) बोलपत्र खरिद गर्ने अन्तिम मिति ०८१/१२/१५ गते, समयः दिनको ४. ०० बजे सम्म।
   - ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति ०८१/१२/१६ गते समय दिनको १२..०० बजे सम्म।
   - ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद तथा दाखिला गर्न सकिने छ।

३. बोलपत्र डिभिजन वन कार्यालय, राप्ती र यस समूहको कार्यलयबाट खरिद र दाखिला गर्न सकिने छ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समूहको हेटौडा स्थित राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालयमा हेटौडामा रहेको चल्ती खाता नं.१३००१००००१९०७००१ मा नगद जम्मा गरेको सक्कलै भौचर समाबेश हुनु पर्ने छ।

५. बोलपत्र फारममा उल्लेखित वन पैदावारको न्यूनतम मूल्य रु.१,००,०००।-भन्दा कम भए रु. ३००।- र न्यूनतम रु.१,००,०००।- भन्दा बढी भए प्रति लटको रु. १०००।०० (पछि फिर्ता नहुने गरी) तिरी यस समूहबाट खरिद गर्न सकिने छ।

६. लिलाम बढाबढ हुने वन पैदावार (काठ,दाउरा) कार्यालय खुलेको समय भित्र यस समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

७. लिलाममा भाग लिन इच्छुक काष्ठ ब्यवसायी,संघ संस्था,फर्म वा कम्पनीका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्ब (PAN No) दर्ता प्रमाणपत्र, डिभिजन वन कार्यालयमा सुचिकृत तथा नविकरण भएको प्रमाणित प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्ने छ

८. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति ०८१/१२/१६ गते दिनको २.०० बजे साक्षीहरूको रोहवरमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा परे कार्यालय खुल्ने पहिलो दिन खोलिने छ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भए पश्चात नियमानुसार भित्र सकार गरेको रकम तथा मूल्य अभिवृद्धि कर,संकलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानुपर्नेछ।

१०. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमालेखिएकोलाई मान्यता दिइनेछ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस समूहको कार्य समितिमा निहित रहने छ।

CamScanner